# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

२९ माघ, २०७७

### आयोगको उच्चस्तरीय टोलीद्वारा गङ्गामायाको स्वास्थ्य अवस्था सम्बन्धमा अनुगमन

### स्वास्थ्य अवस्थाप्रति गम्भीर हुन आग्रह ।

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीलाई कानूनी कारवाहीको माग गर्दै लामो समयदेखि अनसनरत गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर अनुगमन गरिरहेको छ ।

आज आयोगका अध्यक्ष तपबहादुर मगरको नेतृत्वमा गएको सदस्यहरू सहितको टोलीले अनसनस्थल वीर अस्पताल पुगी गङ्गामायाको अवस्थाको अवलोकन गर्नुका साथै भइरहेको उपचारको सम्बन्धमा वीर अस्पतालका निर्देशक डा. केदार सेञ्चुरी लगायतका चिकित्सकहरूसँग जानकारी लिएको छ । अनुगमनका क्रममा निजको शरीरमा आवश्यक पोषक तत्वको कमी तथा नसाहरू साँगुरिएको कारण जुनसुकै बेला पनि स्वास्थ्यमा गम्भीर समस्या आई जीवन नै जोखिममा पर्नसक्ने बुझिएकोले निजलाई तत्कालै सुविधा सम्पन्न सघन कक्ष (ICU) मा राखी उपचारको व्यवस्था मिलाई स्वास्थ्य अवस्थाको बारेमा आयोगलाई जानकारी गराउन आयोगका अध्यक्षबाट निर्देशन समेत भएको छ ।

अत: निज गङ्गामाया अधिकारीको न्याय प्राप्तिको हक सुनिश्चित गर्दै स्वास्थ्य अवस्थाप्रति गम्भीर हुन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, आमरण अनसन जस्तो जीवन जोखिममा पर्नसक्ने बाटो नरोज्न गङ्गामाया अधिकारीलाई समेत आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता
(सहसचिव)


फोन नं. ००९७७-१-५०१००१५, फयाक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org